# बडीकेदार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खड्यौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति :- २०८३/२/५

समय :-

स्थान :- बडीकेदार गाउँपालिकाको कार्यालय, खड्यौलीको सभाहल

बैठक संख्या :- ८२

बडीकेदार गाउँ कार्यपालिकाका अध्यक्ष श्री भैरब बहादुर साउदज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकमा तपशिल बमोजिमको उपस्थितिमा तपशिलका प्रशताव उपर छलफल गरी तपशिल बमोजिमका निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | भैरव बहादुर साउँद | अध्यक्ष | | |
| २ | डम्मरी कुमारी बिष्ट कलेल | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | कार्यपालिका सदस्य | | |
| ४ | प्रेम बहादुर घर्तीमगर | कार्यपालिका सदस्य | | |
| ५ | राम बहादुर गुरुङ | कार्यपालिका सदस्य | | |
| ६ | कर्ण बहादुर जेठरा | कार्यपालिका सदस्य | | |
| ७ | पदम सिं बोहरा | कार्यपालिका सदस्य | | |
| ८ | पदमा देवी जेठरा | कार्यपालिका सदस्य | | |
| ९ | तारा कुमारी नाम्जाली | कार्यपालिका सदस्य | तारा | |
| १० | निर्मला देवी बोहरा | कार्यपालिका सदस्य | निर्मला | |
| ११ | कुमारी दमाई | कार्यपालिका सदस्य | कुमारी | |
| १२ | अमर बहादुर कामी | कार्यपालिका सदस्य | | |
| १३ | प्रेम बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४ | लक्ष्मी दत्त भट्ट | सचिव | | |

सहयोगी कर्मचारी

१ दिपक राज जैशी अधिकृत छैठौं

प्रस्तावहरु २०८३/२/५

१. कापडीगाड झो.पु. स्टील पार्ट खरिद तथा ढुवानी कार्यको म्याद थप सम्बन्धमा ।

२. चौडेल आ.वि. भवन निर्माणको म्याद थप सम्बन्धमा ।

३. १० शैया अस्पताल भवन निर्माणको म्याद थप सम्बन्धमा ।

४. सडक वोर्डको मर्मत कार्य प्रक्रियाका लागि म्याद थपका लागि अनुरोध गर्ने सम्बन्धमा ।

५. सामाजिक सुरक्षा भत्ता वितरण स्थानीय सहजीकरण समिति गठन सम्बन्धमा ।

६. योजना तथा कार्यक्रमहरुको म्याद थप गर्ने सम्बनधमा ।

७. श्री विष्णु मा.वि.को भवन निर्माण सम्बन्धमा ।

८.विपद् व्यवस्थापन सामाग्री खरिद सम्बन्धमा ।

९.सहजपुर वोगटान सडक मर्मत सम्भार सम्बन्धमा ।

१०.अतिक्रमित वन क्षेत्रको विवरण संकलन कार्यका लागि प्रतिनिधि तोक्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ कापडीगाडमा निर्माण भईरहेको कापडीगाड झोलुङ्गे पुल निर्माणका लागि आर्थिक वर्ष २०८२/०८३ को संघीय सशर्त अनुदान र गाउँपालिकाबाट विनियोजित रकमबाट उक्त पुलका लागि आवश्यक फेब्रीकेशन स्टील पार्ट खरिद कार्यका लागि भएको वोलपत्र बमोजिम (ठेक्का नं. 06/BRM/NCB/G/2082/083) यस कार्यालय र जुनकिडी इण्डष्ट्रिज प्रा.लि., बुटवल विच मिति २०८२/८/२२ गते सम्झौता भए बमोजिम उक्त कार्य मिति २०८२/१२/३० गते सम्म सम्पन्न गर्ने उल्लेख भएकोमा उक्त प्रा.लि.ले मिति २०८२/१२/१५ गते मुल्य वृद्धि लगायतका कारणले गर्दा तोकिएको समयमा उक्त कार्य सम्पन्न गर्न नसकिएकोले मिति २०८३ साल असार मसान्तसम्म म्याद थप गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोले म्याद समाप्त भएको मिति देखि लागु हुने गरि हाललाई मिति २०८३ जेष्ठ १५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ३ मा निर्माण भईरहेको चौडेल आधारभूत विद्यालय, चायाकोटको भवन निर्माण गर्नका आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाबाट विनियोजित रकमबाट उक्त विद्यालयको भवन निर्माणका लागि भएको वोलपत्र बमोजिम (ठेक्का नं. 07/BRM/NCB/W/2082/083) यस कार्यालय र मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाण्ठौ विच मिति २०८२/८/२३ गते सम्झौता भए बमोजिम उक्त कार्य मिति २०८३/१/३० गते सम्म सम्पन्न गर्ने उल्लेख भएकोमा उक्त प्रा.लि.ले मिति २०८३/१/९ गते मुल्य वृद्धि लगायतका कारणले गर्दा तोकिएको समयमा उक्त कार्य सम्पन्न गर्न नसकिएकोले मिति २०८३ साल १५ गते सम्म म्याद थप गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोले म्याद समाप्त भएको मिति देखि लागु हुने गरि हाललाई मिति २०८३ असार १५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस बडीकेदार गाउँपालिका वडा नं. २, खड्यौलीमा निर्माणधिन १० शैया आधारभूत अस्पतालको निर्माण कार्य गर्नका लागि यस कार्यालय र धुलीखेल-एल.वि.एण्ड ए.वि.जयश्री वालाजी जे.भी.धनगढी ५, कैलाली विच मिति २०७८/६/४ गते सम्झौता भई निर्माण कार्य अगाढी वढेकोमा हाल उक्त, अस्पतालको निर्माण कार्य सम्पन्न हुन समय लाग्ने भएको साथै निर्माण अवधि यही मिति २०८३ वैशाख मसान्तमा समाप्त भएकोले निर्माण कम्पनीले यस कार्यालयमा पेश गरेको निवेदन अनुसार समयमै सामान ढुवानी, श्रमिकको व्यवस्थापन लगायतका कारणले तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुन नसकेकोले म्याद थपका लागि अनुरोध भई आएको हुँदा उक्त निर्माण कार्यको म्याद सार्वजनिक खरिद (तेह्रौ संशोधन)नियमावली, २०८० को नियम १२०क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम खरिद सम्झौताको म्याद समाप्त भएको अवधि देखि लागु हुने गरि मिति २०८३ असोज मसान्तसम्म म्याद थप गर्ने साथै नियमानुसारको पेश्की जमानत र कार्य सम्पादन जमानत समेत माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को लागि सडक वोर्ड नेपालबाट यस बडीकेदार गाउँपालिलाई सडक मर्मत सम्भार कार्य गर्नका लागि रु. २५ लाख वरावरको अख्तियारी प्राप्त भए बमोजिम गाउँपालिकाको निर्णयानुसार छनौट भएको खड्यौली मान्नाकापडी वरालगाउँ सडक मर्मत कार्यको लागत अनुमान तयार

भई स्वीकृतिका लागि सडक बोर्डमा पठाईएको र सडक बोर्डबाट मिति २०८२/१२/२० गते सहमति पत्र प्रदान भएता पनि उक्त सडक मर्मतको खरिद प्रक्रिया अगाडी बढाउन विगत ४ महिना देखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा बोलपत्र आव्हान लगायतका कार्यहरु गर्न नसकिएकोले हाल बोलपत्र लगायतका खरिद प्रक्रिया अगाढी बढाउदा असारमसान्त भित्र सडक मर्मत कार्य सम्पन्न गर्न नसकिने भएकोले उक्त सडक मर्मत सम्भार गर्ने कार्यको म्याद २०८३ कार्तिक मसान्तसम्म कायम गरि दिनका लागि सडक बोर्ड नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ बमोजिम लाभग्राहीले पाउने भत्ता वापतको रकम वैकिङ्ग प्रणालीमा आधारित कम्प्यूटरकृत सरकारी लेखा प्रणाली मार्फत वैंक खातामा रकम जम्मा गर्ने कार्यमा सहजीकरण गर्न सोही कार्यविधिको दफा ३५ बमोजिम प्रत्येक स्थानीय तहमा देहाय अनुसारको स्थानीइ सहजीकरण समिति रहने व्यवस्था भए अनुरुप उक्त समिति गठन गर्ने निर्णइ गरियो ।

देहाय :

क. गाउँपालिका अध्यक्ष श्री भैरव बहादुर साउद-संयोजक

ख. गाउँपालिका उपाध्यक्ष श्री डम्मरी कुमारी विष्ट कलेल- सदस्य

ग. गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी दत्त भट्ट -सदस्य

घ. गाउँपालिका लेखा शाखा प्रमुख श्री डमरलाल भट्ट-सदस्य

ङ. संयोजकले तोकेको वडा सदस्य श्री................................- सदस्य

च.प्रभु वैंक वि.पि.नगरशाखाका प्रतिनिधि श्री...............................-सदस्य

छ.सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख श्री मिन बहादुर शाह- सदस्य सचिव

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा छनौट भई कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरु विगतमा सम्झौता भई निर्माण कार्य सम्पन्न भईसकेकोमा यस कार्यालयमा विगत ४ महिना देखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा सम्पन्न भएका योजनाहरुको भुक्तानी दिन नसकिएका कारणले निर्माण सम्पन्न गर्ने म्याद समेत समाप्त भईसकेकोले म्याद समाप्त भएको मिति देखि म्याद थप गरि भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा राष्ट्रपति शैक्षि सुधार आयोजना अन्तर्गत आर्थिक वर्ष २०७८/०७९ को बजेटमा यस गाउँपालिकाको वडा नं. ४ मा रहेको विष्णु मा.वि. वरालगाउँको भवन निर्माण गर्नका लागि रकम विनियोजन भएकोमा उक्त विनियोजित रकम विद्यालयको खातामा जम्मा भएको र निर्माण कार्य विद्यालयबाटै गर्ने गरि निर्माण कार्य भईरहेकोमा विविध कारणले उक्त विद्यालय भवन समयै निर्माण सम्पन्न नभएकोमा हाल उक्त कार्य सम्पन्न भएकोले प्राविधिक चेक जाँच गरि प्राविधिक मूल्याङ्कन गरि भुक्तानी बाँकी रहेको रकम समेत फुकुवा गरि दिन अनुरोध भई आएकोले यस कार्यालयबाट प्राविधिक खटाई भए गरेका कामको प्राविधिक जाँच गराई प्रतिवेदन तयार गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस वर्षको वर्षायाम सुरु हुन भईरहेकोले सो अवधिमा यस गाउँपालिका भित्र विभिन्न किसिमका प्रकोप भई विभिन्न क्षति हुन सक्ने भएकोले प्रकोप न्यूनिकरण गर्नका लागि आवश्यक पर्ने सामाग्री खरिद गरि मौज्दात राख्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा कैलाली जिल्लाको सहजपुर वोगटान दिपायल सडक खण्डको सहजपुर देखि वोगटान फुडसिल गाउँपालिकाको छिडीखान सडकमा यही मिति २०८३ बैशाख २० गते आएको वर्षाका कारणले ठाउँ-ठाउँमा पहिरो गई सडक भत्किएको, नाली पुरिएका कारणले यातायातका साधन सञ्चालन गर्न समस्या भएकोले उक्त

सडकको सो खण्ड मर्मत सम्भारका लागि आवश्यक व्यस्था गरि दिन हुन सम्वन्धित निकायमा अनुोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर छलफल गर्दा डिभिजन वन कार्यालय डोटीको च.नं. १३३२ मितिः २०८३/०२/०१ गतेको पत्रानुसार नेपार सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचिको बुदाँ नं. ९२ बमोजिम अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण गर्ने र गराउने सम्बन्धमा मिति २०८३/०१/२८ गते श्री प्रमुख जिल्ला अधिकारी ज्यूको अध्यक्षतामा बसेको बैठकले उक्त स्वीकृत शासकीय सुधार बुँदा नं.९२ लाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने निर्णय भएको हुदाँ स्थानिय तह सँग समन्वय गरी यस लानाकेदारेश्वर सव डिभिजन वन कार्यालय, बडिकेदार गाउँपालिका, डोटी अन्तार्गतको वन क्षेत्रमा भएका अतिक्रमित क्षेत्रको ठाउको विवरण संकलन गरी आजको मितिबाट ५ (पाँच) दिन भित्र पेश गर्नुहुन अनुरोध छ भनि उल्लेख भई आएकोले सो कार्यका लागि यस गाउँपालिकाबाट वातावरण समितिका संयोजक (वडा नं. ४ का वडा अध्यक्ष) श्री कर्ण बहादुर जेठरा र समितिका सदस्य सचिव तथा स्वास्थ्य शाखा प्रमुख श्री योगेन्द्र शाहीलाई तोकी पठाउने निर्णय गरियो ।